म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ४३ २०८० पुस १५ गते आइतबार 31 December 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।

**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौंडामा रास्वपाको विरोध प्रदर्शन




समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले हेटौंडामा विरोध प्रदर्शन गरेको छ। शुक्रबार ललितपुरमा मजदुरको रुपमा कोरिया जान चाहने युवामाथि प्रहरीको हस्तक्षेपपछि भएको झडपमा दुई युवाको मृत्यु भएको घटनाको विरोधमा रास्वपाले शनिबार हेटौंडामा विरोध प्रदर्शन गरेको हो।

रास्वपाको पार्टी कार्यालयबाट हेटौंडा बजारको बुद्धचोकमा पुगेर रास्वपाले विरोध सभाको आयोजना गरेको थियो। देशमा काम दिन नसक्ने, देशमा बस्ने वातावरण सिर्जना गर्न नसक्ने र रोजगारीको खोजीमा बाहिर जान्छु भन्ने युवालाई परीक्षा दिन नदिने सरकारको विरोधमा रास्वपाले प्रदर्शन गरेको रास्वपाको बागमती प्रदेश समितिका प्रवक्ता उत्सव अर्यालले बताउनुभयो। रोजगारीको अवसर नदिएर विदेश जान लागेको युवालाई मारेको, मानव अधिकारको उल्लंघन गर्ने सरकार विरुद्धमा विरोध प्रदर्शन गरेको उहाँले बताउनुभयो।

साधारण व्यक्तिलाई मारेर सरकारले जनताको अपेक्षा विपरित काम गरिरहेको, भ्रष्टाचार वेथितिमा अगाडि बढिरहेको उहाँको भनाई छ। नेपालमा जवाफदेही सरकार नभएकोले पनि उहाँले दावी गर्नुभएको छ। सरकारले विदेश जान खोजेका युवालाई गोली प्रहार गरेको घटनामा रास्वपाको गम्भीर ध्यानाकर्षण भएको र यसको जवाफ सरकारले दिनुपर्ने प्रवक्ता अर्यालले स्पष्ट पार्नुभयो।

निरंकुश सरकार चाहिँदैन जनता मार्न पाइँदैन, रोजगारीको अवसर माग्दा गोली बर्साउने सरकारको विरोध गरौँ, राज्यले जनताको हत्या गर्दा मौन नबसौं, गठबन्धन सरकार चाहिँदैन जनता मार्न पाइँदैन भन्दै नारा समेत लगाएका थिए। विरोध प्रदर्शनमा प्रतिनिधि सभा सदस्य विन्दवासिनी कंशाकारको पनि सहभागिता रहेको थियो।

## श्रमिक माविको ५८ औं वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको ५८ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमसहित शनिबार सम्पन्न भएको छ। २०२२ सालमा स्थापना भएको विद्यालयले ५ दिनसम्म विविधि कार्यक्रम गरेर वार्षिकोत्सव मनाएको हो।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सवको समापन गरिएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख लामाले शैक्षिक विकास नभई अन्य क्षेत्रको विकास नहुने भएकाले शिक्षाको गुणस्तर सुधार्न सबै लाग्नुपर्ने बताउनुभयो। शैक्षिक गुणस्तरको ग्यारेन्टी भएमा उपमहानगर पालिकाले विद्यालयका लागि आवश्यक स्रोतको ग्यारेन्टी गर्ने उहाँको भनाइ छ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवेक कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा ४ का वडा अध्यक्ष नवीन सिग्देलको विशिष्ट आतिथ्य थियो। कार्यक्रममा वडा अध्यक्ष सिग्देल, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख हरिश्चन्द्र सापकोटा, विद्यालयका प्रधानाध्यापक श्रीराम दहाललगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

वार्षिकोत्सवको समापन समारोहमा विद्यालयका संस्थापक, पूर्वअध्यक्ष, पूर्वप्रधानाध्यापक, सहयोगी संस्था तथा व्यक्ति र शिक्षक, कर्मचारीलाई सम्मान गरेको छ। दिवंगत भइसक्नुभएका संस्थापक अध्यक्ष मोहन बज्राचार्य, संस्थापकहरु ईन्द्रबहादुर श्रेष्ठ, ईन्द्रबहादुर दोङ, चेतनाथ ढकाल र नरबहादुर स्याङ्तानलाई मरणोपरान्त सम्मान गरिएको छ। उहाँहरुका परिवारका सदस्यले सम्मान ग्रहण गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरु केशवप्रसाद काफ्ले, गुरुप्रसाद खतिवडा, अजीव भट्टराई, नरेन्द्रलाल रिजाल र देवेन्द्रप्रसाद कोइरालालाई पनि सम्मान गरिएको छ। विद्यालयका संस्थापक प्रधानाध्यापक स्वर्गीय धरणी भट्टराईलाई मरणोपरान्त सम्मान गरिएको छ। यस्तै, विद्यालयका पूर्वप्रधानाध्यापकहरु धनलाल श्रेष्ठ, तेजबहादुर लामा, रामअनुग्रह प्रसाद साह, रुद्रबहादुर बोगटी र चतुर्भुज उपाध्यायलाई सम्मान गरिएको छ।

विद्यालयलाई सहयोग गर्ने राउण्ड टेबल नेपाल, ग्रामीण असहाय बालबालिका पुनर्स्थापना केन्द्र, श्रमिक क्रियाशील विद्यार्थी समूह, श्रमिक पार्क व्यवस्थापन समितिलगायत संस्थालाई सम्मान गरिएको छ। यस्तै, विद्यालयलाई सहयोग गर्ने पूर्वशिक्षक चन्द्रकान्ता श्रेष्ठ र बलराम राना, पूर्वविद्यार्थी गेहेन्द्र राजभण्डारी, पत्रकार सुरेश श्रेष्ठ, पूर्वविद्यार्थी निरज सिंह ठकुरीलगायतलाई पनि सम्मान गरिएको छ।

विद्यालयका शिक्षक सुरेशकुमार महतो र कर्मचारीहरु काजीमान मुक्तान तथा अर्जुन रिजाललाई दीर्घसेवा सम्मानबाट सम्मानित गरिएको छ। विद्यालयमा सबैभन्दा बढी दिन उपस्थित हुने शिक्षक मधु आचार्यलाई नियमित शिक्षक सम्मानबाट सम्मानित गरिएको छ। सबैभन्दा बढी सिकाई उपलब्धी हासिल गर्ने बालविकास शिक्षक निला सापकोटा, प्राथमिक तहका शिक्षक राजेश अधिकारी, निम्नमाध्यमिक तहका शिक्षक सुरेशकुमार महतो र माध्यमिक तहका शिक्षक श्रीराम अधिकारीलाई सम्मान गरिएको छ। विद्यालयको अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक सृजना पौडेल र स्काउट शिक्षक शान्ता घलानलाई पनि सम्मान गरिएको छ। शैक्षिक सत्र २०७९ को एसईई परीक्षामा सबैभन्दा बढी जीपीए ल्याउने विद्यार्थी भुपेन्द्र चौलागाईं र सामाजिक अध्ययन विषयमा जीपीए ४ ल्याउन सहयाग गर्ने शिक्षक श्रीराम दहाललाई समेत सम्मान गरिएको छ।

वार्षिकोत्सवको अवसरमा विद्यालयका पूर्वविद्यार्थी भेलासमेत आयोजना गरिएको छ। भेलाले सुरेश श्रेष्ठको संयोजकत्वमा श्रमिक मावि पूर्व विद्यार्थी समाजको तदर्थ समिति गठन गरेको छ।

वार्षिकोत्सवको अवसरमा गत मंगलबारदेखि सञ्चालन गरिएका खेलकुद तथा अन्य कार्यक्रमका विजयी विद्यार्थी, अभिभावक र शिक्षकलाई पुरस्कृत गरिएको छ। विद्यालयले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको अन्तरसदन फुटबल, भलिबल, कबड्डीका विजयी विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको हो। विभिन्न दुरीको दौड, लङजम्प, ट्रिपल जम्प, सटपुट थ्रो, ज्याभलिङ थ्रोका विजयी विद्यार्थीलाई पनि पुरस्कृत गरिएको छ। यस्तै, हाजिरीजवाफ तथा अन्य मनोरञ्जनात्मक खेलका विजयी विद्यार्थीलाई पुरस्कार वितरण गरिएको हो।

समापन समारोहमा विद्यालयका विद्यार्थीले सामाजिक, विज्ञान र गणित विषयको विषयगत सामग्री प्रदर्शनी गरेका थिए।



## सम्पादकीय

# संघ र प्रदेशबीच समन्वय

मुलुक संघीय संरचनामा गएपछि संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार बनेको छ । संघीयता कार्यान्वयनमा आएको ६ वर्ष पूरा भइसक्दा प्रदेश संरचना अझै प्रभावकारी र औचित्यपूर्ण बन्न सकेको छैन । मुलकुमा प्रदेशको संरचना नयाँ भएकाले यसले पूर्णता र स्थायित्व पाउन केही समय लाग्नु स्वभाविक हो । तर, संघ र प्रदेशबीच आपसी समन्वय र सहकार्यमा भइरहेको कमीले प्रदेश सरकार अप्ठेरोमा परिहेको छ । प्रदेश सरकार गठन भएको करिब २ वर्षसम्म प्रदेशमा कर्मचारी व्यवस्थापन गर्न कठिनाई भयो । अहिले धेरैजसो प्रदेशले लोकसेवा आयोग गठन गरेर आफैं कर्मचारी व्यवस्थापनको काम गरिरहेकाले अब कर्मचारीको अभाव प्रदेशमा छैन । यसबीचमा प्रदेशसभाले आवश्यक सबै कानुन निर्माण गर्न पनि सकेको छैन । संघीय सरकारले सबै कानुन निर्माण नगरेकाले प्रदेशसले समेत कानुन निर्माण गर्न नसकेको हो । यस्तै, संविधानले दिएका सबै अधिकार प्रदेशले प्रयोग गर्नसमेत पाइरहेका छैनन् ।

प्रदेश र संघबीच समन्वय कायम गर्न र आफ्ना समस्याहरु संघीय सरकारसमक्ष पेश गरी दबाब सृजना गर्न मुलुकका सात वटै प्रदेशका मुख्यमन्त्री शुक्रबार हेटौंडामा भेला भएका थिए । हेटौंडामा अन्तरप्रदेश मुख्यमन्त्री बैठकका लागि भेला भएका अधिकांश प्रदेशका मुख्यमन्त्रीहरुले संघीय सरकारलाई ब्यापक दबाब दिनुपर्ने धारणा व्यक्त गरेको भए पनि बैठकले औपचारिक निर्णय गर्न भने सकेन । शुक्रबारबो बैठकमा करिब ६ महिनाअघि पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय कार्यान्वयनका लागि संघीय सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । प्रधानमन्त्रीसमक्ष पेश गरिएका परिषद् बैठकका निर्णयहरु शीघ्र कार्यान्वयन नभए थप दबावमूलक संघर्षका कार्यक्रम गर्न बाध्य हुने निर्णय बैठकले गरेको हो । शुक्रबारको बैठकमा मुख्यमन्त्रीहरु संघीय सरकारविरुद्ध कडारुपमा प्रस्तुत हुनुपर्ने मानसिकतामा देखिएका थिए । तर, अधिकांश प्रदेशमा गठबन्धनको सरकार रहेको र संघमा पनि सोही गठबन्धनको सरकार रहेकाले प्रदेश सरकार संघीय सरकारविरुद्ध कडारुपमा प्रस्तुत हुने निर्णय गर्न नसकेको बुझ्न सकिन्छ ।

पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद् बैठकले तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन गर्ने निर्णय गरेको थियो । संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने र एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग-अलग संरचना हटाउने निर्णय बैठकले गरेको थियो । तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउनेदेखि साझा अधिकार कार्यान्वयनका लागि कानुन निर्माणमा सहकार्य गर्नेलगायत निर्णय भए पनि कार्यान्वयन उत्साहजनक नभएकोमा मुख्यमन्त्रीहरुले चासो देखाएका हुन् । ती निर्णयहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्रीसमक्ष माग गर्ने मुख्यमन्त्रीहरुको हेटौंडा बैठकले निर्णय गरेको छ । प्रदेशमा प्रहरी समायोजन गर्ने, संघीय निजामति सेवा ऐन तथा संघीय शिक्षा ऐन जारी गर्ने विषयमा मुख्यमन्त्रीहरुको चासो बढी पाइएको छ । प्रदेशलाई भवन र जग्गाको स्वामित्व हस्तान्तरण, राष्ट्रिय वनलगायतका प्राकृतिक स्रोतको उपयोग एवम् राजश्वका विभिन्न स्रोतमा प्रदेशको अधिकार हुनुपर्नेजस्ता विषय शिघ्र कार्यान्वयन हुनुपर्नेमा मुख्यमन्त्रीहरु एकमत देखिएका छन् ।

संघीयताको मर्म तथा भावना एवम् नेपालको संविधानबमोजिम प्रदेश सरकार अधिकारसम्पन्न र स्वायत्त छ । प्रदेशले आफ्ना लागि नियम, कानुन बनाउनेदेखि राजश्व संकलन, नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न सक्छ । तर, सबैजसो प्रदेशहरुको आन्तरिक आम्दानीको स्रोत अत्यन्तै न्यून छ । सातवटा प्रदेशमध्ये बागमती प्रदेशबाहेक अन्य प्रदेशको आन्तरिक आम्दानी अत्यन्तै न्यून छ । आन्तरिक आम्दानीले प्रदेशको साधारण खर्चको केही प्रतिशतमात्रै धान्न सक्ने अवस्था रहेसम्म प्रदेश सरकार संघीय सरकारसँग निर्भर रहनुपर्ने निश्चित छ । यस्तो अवस्थामा प्रदेश सरकारले प्रभावकारी काम गर्न सक्दैन । संघीयतालाई प्रभावकारी बनाउन प्रदेश संरचनालाई औचित्यपूर्ण बनाउनुपर्छ । यसका लागि संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय र सहकार्य आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आकस्मिक रुपमा धन प्राप्ति हुने समय योग छ ।
**वृष** : हाँके/ ताकेका कामहरु पूर्ण हुने समय योग छ ।
**मिथुन** : व्यक्तिगत सुखसुविधामा खर्च बढ्ने योग छ ।
**कर्कट** : यात्रा योग र भेटघाटमा समय व्यतित ।
**सिंह** : आम्दानी खासै बढ्ने समय योग छैन ।
**कन्या** : शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ला ।
**तुला** : काममा द्विविधा आइपर्न सक्ने योग छ ।
**वृश्चिक** : नसोचेको स्थानबाट आर्थिक लाभ होला ।
**धनु** : शरीरमा थकान र उत्साहमा कमी आउला ।
**मकर** : आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला ।
**कुम्भ** : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ ।
**मीन** : आकर्षक बनिने समय योग रहेको छ ।

# राष्ट्रिय टोपी दिवसको सान्दर्भिकता

*राष्ट्रिय चिह्नस्वरूप टोपीको प्रयोगले हाम्रा नयाँ पुस्ताका आदर्श राष्ट्रनिर्माताहरूमा समेत एउटा नयाँ आदर र माया भरिएको उत्साह जगाएको छ । आजभोलि संसद् भवनभित्र कहिलेकाहीं नेपाली टोपीको चहक देखिनुले देशप्रेमी नेपाली जनतामा सकारात्मकताको विकास गरेको मान्नैपर्छ ।*



डा. हरि शर्मा





अंग्रेजी पात्रोअनुसार नयाँ वर्ष २०२४ को पहिलो दिन अर्थात् आगामी सोमबार १६ पुसका दिन हाम्रो राष्ट्रिय टोपी दिवस पर्न गएको छ । राष्ट्रिय आर्थिक दैनिक 'कारोबार'मा यस पंक्तिकारले २०७८, १६ पुसका दिन २०२२ को पहिलो दिन राष्ट्रिय टोपी दिवसबारे आफ्नो अवधारणा-पत्र प्रस्तुत गरेको थियो । दुई वर्ष व्यतीत भइसकेको छ ।

देशको विद्यमान राष्ट्रिय अवस्थाप्रति बहुसंख्यक युवा जमात गम्भीर छन् । आफ्नो देश, समाज र संस्कृतिको उन्नयनका लागि प्रत्येक क्षेत्रमा सक्रियतापूर्वक गहन जिम्मेवारी बोध गर्दै के देश के विदेश नेपाली युवायुवतीहरूले आ-आफ्नो ठाउँमा राष्ट्रिय पोसाकमा सजिँदै सडक-सडकमा नेपाली सांस्कृतिक कार्यक्रमको प्रदर्शनीका साथै जनसमक्ष आफ्नो राष्ट्रियताको परिचय गौरवका साथ पस्कन पछि परेका छैनन् । सन् २००९ जनवरीको पहिलो दिनदेखि सुरु भएको राष्ट्रिय टोपी दिवसको आज १६ औं संस्करण हो । यो दिनले प्रत्येक नेपाली मनमा टोपीको पहिरन सजाउन उत्साहित मात्रै गर्ने होइन, बडो स्वाभिमानका साथ नेपाली भई जन्मनुको अभिमान पनि सम्झाउँछ ।

***मेरो टोपी कैलाशको शिरजस्तो, हिमाली भीरजस्तो***
***कहिल्यै पनि झुक्न नजान्ने, नेपाली वीर जस्तो ।***

सम्पूर्ण नेपालीमा देशभक्ति र राष्ट्रप्रेमको भावनालाई तरंगित पार्न केही युवाले सामाजिक सञ्जालमार्फत प्रारम्भ गरेको राष्ट्रिय टोपी दिवसको अभियान आज नेपाल र भारतलगायत विश्वका अनेकौं मुलुकमा छरिएर बसेका झन्डै ९० लाखभन्दा बढी नेपालीले बडो सम्मान र आदरका साथ ढाकाटोपी अथवा भादगाउँले टोपी पहिरेर राष्ट्रिय टोपी दिवस मनाउने गरेका छन् । विगत केही वर्षदेखि हिजोका दिनहरूमा राष्ट्रिय पोसाक र टोपीलाई बहिष्कार गर्दै हिँडेका हाम्रा जननेताहरूले समेत समुचित आदरभावका साथ आज राष्ट्रिय पोसाकमा जनसमक्ष स्वयंलाई प्रस्तुत गर्ने गरेको देख्दा यस अभियानका अभियन्ताहरूप्रति हृदयमा सम्मानको भावना उद्वेलित हुनु अस्वाभाविक होइन ।

हाम्रो टोपीले हामीलाई मात्र होइन, हाम्रो देश र भूगोललाई चिनाउँछ । राष्ट्रिय टोपी दिवसको प्रबुद्ध अभियानलाई निष्ठापूर्वक अझ व्यापक र प्रभावकारी बनाउँदै लैजाने प्रत्येक नेपालीको पुनीत कर्तव्य हो । हाम्रा सबै सञ्चारमाध्यमले यस दिवसको महत्ता प्रतिविम्बित हुने गरी सामग्रीहरूको यथेष्ट प्रचार-प्रसार गरिदिएमा टोपी दिवसको आशय उजागर हुँदै जाने थियो र एउटा सामाजिक तथा सांस्कृतिक जागरणको कोसेढुंगा स्थापित हुने विषयमा दुईमत सायदै होला यो विषय । राज्यले एउटा अस्थिर राजनीतिक अवस्थाको ग्रहणबाट उम्कने प्रयास गरिरहेको स्थितिमा हामी राष्ट्रभक्त नेपालीहरूको मन-मुटु चहराइरहेको छ, विदेशमा बसेका नेपालीहरूले पनि देशको यथास्थितिबाट पैदा भएको निराशा र ग्लानीको बोझ बोकेर जिजीविषामा व्यस्त रहनुपरेको यथार्थ कसैबाट छिपेको छैन ।

जातिपातिको उन्मूलनमा समेत राष्ट्रिय टोपी दिवसले हामीलाई प्रेरणा दिन्छ– हामी नेपाली एक हौं । हामी सबैको रगत रातो छ । हामीलाई जन्म दिने आमाहरू फरक होलान् तर हाम्रो जन्मभूमि नेपाल आमा सबैका साझा हुन् । आपसमा जातपात र छूवाछुतको भावनालाई त्यागेर 'सयौं फूलका थुँगा हामी, एउटै माला नेपाली' भएर बाँच्न सक्नुपर्छ हामीले । नत्र बगैंचाको सुन्दर सुकोमल पुष्पजस्तो हाम्रो राष्ट्रियता कालान्तरमा बगरमा उम्रने क्याक्ट्सजस्तो हुन के बेर ? हाम्रो टोपीले हामीलाई एकीकृत समतावादी समाजको सूत्रमा बाँध्न सक्छ। स्वामी विवेकानन्दको भनाइ, 'मान्छेको कुनै जात नीच हुँदैन, तर प्रत्येक जातमा नीचहरू हुन्छन् ।' यो उक्ति सोचनीय छ ।

भारतमा इस्ट इन्डिया कम्पनी ( ब्रिटिस राज सन् १७८५-१८५८) छँदा ढाका (हाल बंगलादेश) मा तयार पारिएको यो विशेष ढाकाको कपडा आयात गरिने गरेको रहेछ। विशेष गरी तत्कालीन श्री ३ हरू भारत भ्रमणमा जाँदा त्यहाँका नवाबहरूले पहिरिने जामदानी लुगाको टोपीबाट आकर्षित भई त्यस शैलीका टोपी तयार पार्न उनीहरूले त्यो कपडा नेपाल भित्र्याएको इतिहास छ । भनिन्छ, पहिले यो भारतको कश्मीरबाट उत्पादित भई हिमाञ्चल हुँदै पश्चिम नेपालमा लामो समयसम्म रह्यो । स्व. महेन्द्रको शासनकाल (सन् १९५५-१९७२) पूर्व यसको लोकप्रियता आजको जस्तो थिएन र यसलाई त्यस बेलादेखि नै पहिले त सरकारी फोटो खिच्दा अनिवार्य गराइयो र बिस्तारै सरकारी कर्मचारीहरूलाई तोकिएको राष्ट्रिय पोसाक दौरा-सुरुवालसँगै ढाका वा भादगाउँले टोपी पहिरनैपर्ने बनाइयो ।

पछि-पछि सर्वसाधारण नेपालीले पनि सिंहदरबार छिर्नुपर्ने हुँदा टोपी नलगाई छिर्न नपाउने प्रावधान राखियो । भनिन्छ, सिंहदरबारको गेटनिर एउटा टोपीपसल पनि खुबै चलेको थियो रे । भादगाउँले टोपी नेवार जातिका मानिसहरूले मल्लकालीन बेलैदेखि प्रचलनमा ल्याएका थिए । आजभोलि भादगाउँले टोपीमा खुकुरीको क्रस चिह्न राखेर पनि बडो सानका साथ लगाउने चलन छ । मानिसको शिर शरीरको सबैभन्दा पवित्र ठाउँ मानिन्छ । शिरमा जे राखे पनि त्यो अत्यन्तै मूल्यवान् ठहरिन्छ । ढाका टोपीले निःसन्देह हाम्रा गगनचुम्बी हिमाली चुचुराहरूको झल्को पनि दिन्छन् ।

देशको अर्थतन्त्रमा समेत हस्तकला उद्योगमार्फत महत्वपूर्ण योगदान रहेको छ, ढाका टोपीको । हाते करघा (ह्यान्डलुम) बाट उत्पादन गरिने भएकाले ढाका कपडा उत्पादन केन्द्रमा अत्यधिक जनश्रमको खपत हुन्छ । स्थानीयहरूका लागि रोजगारी सिर्जना हुन्छ । यस्ता खालका उत्पादन केन्द्रहरू काठमाडौं उपत्यका, पोखरा, पाल्पा र पूर्वी नेपालका विभिन्न पालिकाहरूमा स्थापित छन् । हस्तकला र हाते करघाबाट उत्पादित सामग्रीहरू अन्य मुलुकहरूमा समेत नियमित रूपले निर्यात गरिन्छ । नेपालले गत आ.व.मा ५.४ अर्ब रुपैयाँबराबरको हातले बुनेको कपडा निर्यात गरेको देखिन्छ ।

ढाका उत्पादन मात्र क्रमशः ४० लाख, ५० लाख र ३४ लाखबराबरको सन् २०१२, १३ र १४ मा निर्यात भएको हस्तकला उद्योग संघको सन् २०१४ को प्रतिवेदनले दर्साउँछ । त्यसपछिका आँकडा उपलब्ध हुन सकेनन्, यद्यपि सरोकारवालाहरूसँग सम्पर्क गर्दा कोरोना महामारीपश्चात् ढाका उत्पादन र विभिन्न हस्तकला उत्पादनको निर्यात क्रम सन्तोषजनक रहेको बुझिन्छ । यस क्षेत्रका हाम्रा निर्यात हुने सामग्रीहरूमा ढाका, अल्लो, रेसम, पस्मिना, ऊनी कार्पेट र अन्य तयारी पोसाकहरू पर्छन् । ढाका टोपी वा भादगाउँले टोपी भनेको हाम्रो संस्कृति र राष्ट्रिय पहिचानको रूपमा रहेका छन् ।

यिनको उत्पादनले हाम्रो आर्थिक परिप्रेक्ष्यमा सकारात्मक योगदान भएको तथ्यलाई स्विकार्नैपर्छ । विदेशी पर्यटकले हामीकहाँ स्वागत अभिवादन पाउँदा उपहारस्वरूप 'टोपी' पनि पाउने भएकाले नेपाली टोपीप्रति उनीहरूको कौतूहल र जिज्ञासा पनि बढ्दो छ र स्वदेश फर्कंदा धेरैले 'गिफ्ट' स्वरूप नेपालको परिचयात्मक ढाका टोपी वा पछ्यौरी किनेर लैजाने गर्छन् । यसरी हाम्रो ढाका उत्पादनले देशको पर्यटन प्रवर्द्धनमा पनि आफ्नो देशलाई निरन्तरता दिइरहेको पाइन्छ ।

भारतका प्रख्यात गायक स्व. भुपेन हजारिकालाई राजा महेन्द्रले भादगाउँले टोपी उपहार दिएका थिए भनिन्छ, जसलाई उनले जहाँ गए पनि हरहमेसा शिरको शोभा बनाइराखे । टोपीको प्रयोगले समाजमा हाम्रो समतामूलक भावनाले उल्लेखनीय प्रश्रय पाएको छ । राष्ट्रिय चिह्नस्वरूप टोपीको प्रयोगले हाम्रा नयाँ पुस्ताका आदर्श राष्ट्रनिर्माताहरूमा समेत एउटा नयाँ आदर र माया भरिएको उत्साह जगाएको छ । आजभोलि संसद् भवनभित्र कहिलेकाहीं नेपाली टोपीको चहक देखिनुले देशप्रेमी नेपाली जनतामा सकारात्मकताको विकास गरेको मान्नैपर्छ ।

हाम्रा गोष्ठी, सभा, सेमिनार आदिमा निम्त्याइएका मान्यजनहरूलाई टोपी नलगाई आउनुभएको छ भने टोपी र टोपी लाएर आउनेहरूलाई ढाकाको खादाले स्वागत गरिनु उपयुक्त हुन्छ कि ? दसैं, तिहार वा यस्तै अन्य राष्ट्रिय चाडहरूमा पनि उपहार टक्र्याउँदा टोपीको उपहार प्रदान गरिनु समयसापेक्ष र सस्तो हुन्छ कि ? सन् ८० को दशकको अन्तिमतिर हो, पंक्तिकार एउटा गोष्ठीमा सहभागी हुने सिलसिलामा सिंगापुर गएको स्मरण हुन्छ । त्यहाँकी एक जना वरिष्ठ महिलाले मलाई सिंगापुर सहर घुमाउन लगेकी थिइन् । बाटोमा कुरा गर्दै जाँदा मैले सिंगापुरले छोटो अवधिभित्रै ठूलठूला उपलब्धिहरू हासिल गरेको प्रसंग जोडें ।

उनले एकछिन नेपाली टोपी र दौरा-सुरुवाल लगाएको म ठिटोतिर टोलाएर हेरिन् र भनिन्, 'सायद तिमीलाई थाहा छैन, सिंगापुरले भौतिक उन्नति त गर्‍यो, व्यापार वाणिज्यमा हामी एसिया प्रशान्त क्षेत्रमै अब्बल गनिन्छौं पनि; तर यसका लागि हामी यहाँका जनताले ठूलो मूल्य तिरेका छौं । हाम्रो संस्कृति (कल्चर) भन्नु केही छैन ।' नेपाल प्रकृति र संस्कृतिमा विश्वविख्यात छ । हाम्रो वेशभूषाले संस्कृति संरक्षणमा अहम् भूमिका निर्वाह गरेको छ । यसको प्रवर्द्धनमा हामी सदैव एकताबद्ध भई जुट्नुपर्छ । हामी स्वयं नजुटे अरू को जुट्छ ? नेताहरू बरालिएका छन् । देशको विद्यमान आर्थिक अवस्थाले सबै सचेत नागरिक र बुद्धिजीवीहरूलाई चिन्तित तुल्याएको छ ।

एकपछि अर्को गर्दै बैंकका ऋणीहरूले आत्महत्या गरेका समाचारहरू दुर्भाग्यपूर्ण हुन् । बजारमा महँगी र मन्दी दुवै सँगसँगै निरन्तर बढ्दो अवस्थामा छन् । चिनियाँ सरकारले वर्षौं पछि पर्यटनका लागि नेपाललाई खुला गरेको छ । करोडौं चिनियाँ बर्सेनि विश्व भ्रमणमा जाने गर्छन् । कम्तीमा पनि त्यसको १ प्रतिशतलाई भए पनि नेपालतर्फ आकर्षित गर्ने रणनीति बनाऊँ । हाम्रो अर्थतन्त्र सुध्रँदै जाने निश्चित छ । नेपालमा २००२ को कुल गार्हस्थ्य उत्पादनअनुसार एसियन डेभलपमेन्ट बैंकको प्रक्षेपण ४.१ प्रतिशत थियो भने प्रक्षेपणमा यस वर्ष यो बढेर ६ प्रतिशत हुन जाने विश्वासका साथ हाम्रा आर्थिक नीति र कार्यक्रमहरू लक्षित र हून् । अंग्रेजी नववर्ष २०२४ सम्पूर्ण देशवासीका लागि समुन्नतिको मार्ग प्रशस्त होस् । हार्दिक शुभकामना !

अन्त्यमा, फेरि टोपीकै सन्दर्भ केलाउँदै आजको यस आलेखको बिट मार्ने अनुमति चाहन्छु । पहाड, तराई, हिमाल सबै ठाउँमा बस्ने कुनै पनि नेपाली चाहे जतिसुकै आर्थिक विपन्नता झेलिरहेको व्यक्ति किन नहोस्, उसको शिरको टोपीले उसका ओठमा मुस्कान ल्याइदिन्छ, बोलीमा गौरव गुन्जाइदिन्छ, श्रममा सान झल्काइदिन्छ, व्यवहारमा आत्मसम्मान र मनमुटुमा राष्ट्रियताको तरेली बगाइदिन्छ । हाम्रा केही नीति निर्माताहरूले अर्थतन्त्रको सुधारका लागि आफ्नो तर्फबाट जे-जति प्रयासहरू गर्दै जानुभएको छ त्यसलाई देशभक्त नागरिकले बडो चासोका साथ हेरिरहेका छन् ।

सत्ता गठबन्धनले गत सातादेखि देशको तीव्र विकासका लागि पटक-पटक विभिन्न तहमा साझा कार्यक्रम सार्वजनिक गरिरहेको छ । तर, विश्वका प्रायःजसो सबै विकसित मुलुकको अर्थतन्त्रको गतिमा देखिएको ह्रासको सन्दर्भमा अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले यस वर्ष विश्वकै आर्थिक अवस्था ३ प्रतिशतभन्दा थोरैमा झर्ने प्रक्षेपण गरेको छ । हाम्रो साझा कार्यक्रमले देशको अर्थतन्त्रमा चमत्कारिक परिवर्तन ल्याउने विषय भारतको एउटा गाउँखाने कथाजस्तो नबनोस् । न नौ मन तेल होगा, न राधा नाचेगी; न त नौमन तेल हुन्छ, न राधा नाच्नेछिन् ।

भन्नुको अर्थ राज्यस्तरबाट घोषित समृद्धिका कार्यक्रमहरू तुहिएर नजाऊन् र हामी यथावत् स्थितिमा रहिरहन पनि नपरोस् । अहिलेलाई टोपी दिवसको महत्व बढ्दै जाओस्, राष्ट्रवाद हाम्रो नशा-नशामा तरंगित हुन सकोस् ! राष्ट्रिय टोपी दिवसको शुभकामना सबै देशवासीलाई !

*(स्रोतः कारोबारदैनिक)*

# श्रमिक माविका पूर्वविद्यार्थीद्वारा विद्यालयलाई सहयोग



सहयोग रकमको नमूना चेक हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माविका पूर्वविद्यार्थील विद्यालयलाई आर्थिक सहयोग गरेको छ । विद्यालयको ५८ औं वार्षिकोत्सव समारोहमा श्रमिक मावि पूर्वविद्यार्थी समाजले नगद १५ हजार ५५ रुपैयाँ सहयोग गरेको हो ।

पूर्वविद्यार्थी समाजका संयोजक सुरेश श्रेष्ठसहितको पूर्वविद्यार्थी समूहले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की र प्रधानाध्यापक श्रीराम दाहाललाई सहयोग रकमको चेक हस्तान्तरण गरेका थिए । विद्यालयको अक्षयकोषका लागि पूर्वविद्यार्थीले आर्थिक सहयोग गरेका हुन् । विद्यालयले १० लाख रुपैयाँको अक्षयकोष निर्माण गर्ने योजना बनाएको विद्यालयका प्रधानाध्यापक दाहालले बताउनुभएको छ । विद्यालयले ५ लाख रुपैयाँ संकलन गर्न सके वडा कार्यालयले ५ लाख रुपैयाँ थपेर १० लाख रुपैयाँको अक्षयकोष निर्माण गर्ने योजना रहेको प्रधानाध्यापक दाहालको भनाई छ ।

सहयोग रकम हस्तान्तरणपछि श्रमिक मावि पूर्वविद्यार्थी समाजका संयोजक सुरेश श्रेष्ठले पूर्वविद्यार्थीमार्फत अक्षयकोणमा थप रकम सहयोग हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पूर्वविद्यार्थीले विद्यालयलाई निरन्तर सहयोग गरिरहने उहाँको भनाइ थियो । पछिल्लो समय विद्यालयको सुधार उत्साहजनक रहेको बताउनुहुँदै अध्यक्ष श्रेष्ठले पूर्वविद्यार्थीले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पर्याप्त सहयोग गर्ने बताउनुभएको छ ।

# श्रमिक पूर्वविद्यार्थी समाजमा श्रेष्ठ



समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माविको पूर्वविद्यार्थी समाजको संयोजकमा सुरेश श्रेष्ठ चयन हुनुभएको छ । विद्यालयमा शनिबार भएको पूर्वविद्यार्थीको भेलाले श्रेष्ठको संयोजकत्वमा सर्वसम्मत ७ सदस्यीय तदर्थ समिति चयन गरेको हो ।

समितिको सचिवमा दीपक सुवेदी, कोषाध्यक्षमा सञ्जय बस्नेत चयन हुनुभएको छ भने सदस्यमा दिलिप बानियाँ, सुरेन्द्र लामा, रवि नकर्मी र सायरा अन्सारी चयन हुनुभएको छ। तदर्थ समितिले वृहत भेला गरी श्रमिक मावि पूर्वविद्यार्थी समाजलाई पूर्णता दिनेछ । २०२२ सालमा स्थापित विद्यालयको ५८ औं वार्षिकोत्सवको अवसरमा पूर्वविद्यार्थी भेलाको आयोजना गरिएको हो। पूर्वविद्यार्थी भेलामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की, प्रधानाध्यापक श्रीराम दाहालको पनि उपस्थिति रहेको थियो ।

# स्टेशनरी व्यवसायी संघमा नेपाल




नयाँ समिति चयनपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर पुस्तक तथा स्टेशनरी व्यवसायी संघको अध्यक्षमा पुस्कल नेपाल चयन हुनुभएको छ । शनिबार हेटौँडा-१७, हटिया जुरेथुममा भएको भेलाले नेपालको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो ।

निवर्तमान अध्यक्ष विज्ञान रिमालको अध्यक्षता तथा संघका पूर्वअध्यक्ष एवम् केन्द्रीय समिति सहकोषाध्यक्ष किरणबाबु न्यौपानेको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा मकवानपुर पुस्तक तथा स्टेशनरी व्यवसायी संघका संस्थापक अध्यक्ष प्रेमलाल श्रेष्ठ, पूर्वअध्यक्षहरु नवीन पौडेल र अजित थापाको पनि आतिथ्य रहेको थियो । साधारणसभाबाट समितिको प्रथम उपाध्यक्ष केशवप्रसाद मुडभरी, द्वितीय उपाध्यक्ष भोजराज पराजुली, सचिव अमीर चौलागाई, कोषाध्यक्षमा अमृत मगर, सचिब अर्चना कार्की, सदस्यमा रोशन खनाल, मिलन अधिकारी र केशव हुमागाईलाई चयन हुनुभएको छ ।

# हाजिरीजवाफमा १० नम्बर वडा प्रथम



पुरस्कार वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौँडाः नगरस्तरीय हाजिरीजवाफ प्रतियोगितामा १० नम्बर वडा प्रथम भएको छ । नगर बाल समूह सञ्जालको आयोजनामा शनिबार हेटौँडामा भएको प्रतियोगितामा १७ नम्बर वडा द्वितीय, ४ नम्बर वडा तृतीय र ११ नम्बर वडा चौथो भएको छ ।

१० नम्बर वडाको अरुणा बर्तौला, कृतिक प्रसाई, हर्सिना लम्सालको समूह प्रथम भएको हो । यस्तै द्वितीय हुने १७ नम्बर वडाको समूहमा कृपा अधिकारी, शर्मिला धमला र कृषा अधिकारी रहेका थिए । यस्तै तृतीय हुने ४ नम्बर वडाको समूहमा अनुषा उप्रेती, विशाल कुशुवाह, अधिस लम्साल रहेका थिए । सान्त्वना हुने ११ नम्बर वडाको समूहमा सन्देश ढकाल, निरोज तामाङ, अजेश अधिकारी रहेका थिए ।

प्रतियोगितामा १९ वटै वडाबाट सहभागिता रहेको थियो। बालमैत्री स्थानीय शासन घोषणाको तयारीमा रहेको हेटौँडा उपमहानगरपालिकाले बालमैत्री क्रियाकलापको रुपमा हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने बालबालिकालाई पुस्तक, डायरी, बिरुवासहितको गमला र पेनसँगै प्रमाणपत्र वितरण गरिएको छ ।

प्रतियोगिता हेटौँडा उपमहानगरपालिका नगर बाल समूह सञ्जालका अध्यक्ष सौरज देवकोटाको सभाध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, महिला तथा बालविकास महाशाखाका निर्देशक विष्णु कुमारी लामिछाने, वडा सदस्य, बालमैत्री नगर सहजकर्ता, वडा सहजकर्ता लगायत बालबालिकाहरुको उपस्थिति रहेको थियो ।

# मनहरीमा फेरि जंगली हात्तीको आतंक

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा फेरि जंगली हात्तीको आतंक बढेको छ । शुक्रबार राति ११ बजेको समयमा मनहरी-७ स्थित शान्तिटोल र ८ नम्बर वडास्थित सिमपानीमा गरी तीन घरमा क्षति पुऱ्याएको हो ।

हात्तीले शान्तिटोलका सञ्जय साहको काठको घरको ढोका भत्काएर घरभित्र रहेको १ बोरा धान खाएर नष्ट गरेको र सोही ठाउँकी लक्ष्मी परियारको ब्लकले बनेको घरको एक साइडको भित्ता भत्काएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। यस्तै, सिमपानीका शिवलाल प्रजाको पनि घरको छानो र एक साइडको भित्ता भत्काएर १ बोरा चामल खाएर नष्ट गरेको जनाएको छ । यसअघि पनि यस क्षेत्रमा जंगली हात्तीले विभिन्न घरमा क्षति पुऱ्याएको थियो ।

हात्ती आएर क्षति गरेको भन्ने खबर प्राप्त हुनासाथ स्थानीय, नेपाल प्रहरी र पर्सा राष्ट्रिय निकुञ्जबाट नेपाली सेनाको टोलीले हात्तीलाई जंगलतर्फ लखेटेको थियो । घटनामा मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।

# नेता बानियाँद्वारा बुद्ध माविलाई डेढ लाख सहयोग



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभा सदस्य एवम् नेपाली कांग्रेसका बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले बकैया-३ स्थित बुद्ध माविलाई १ लाख ५२ हजार रुपैयाँ सहयोग गर्नुभएको छ । शनिबार विद्यालयलाई क्याम्पस बनाउन जारी महायज्ञमा सहभागी हुनुहुँदै सभापति बानियाँले नगद सहयोग गर्नुभएको हो ।

नेता बानियाँले हालसम्मका दातामध्ये धेरै नगद सहयोग गर्नुभएको विद्यालयका प्रधानाध्यापक प्रेम बोम्जनले बताउनुभयो । हालसम्म क्याम्पस निर्माणका लागि १३ लाख ६५ हजार रुपैयाँ सहयोग प्राप्त भएको उहाँले बताउनुभयो ।

यसअघि प्रधानाध्यापक बोम्जनले ५५ हजार ५ सय ५५ रुपैयाँ, बकैया-३ स्थित सुपर सप्लायर्सका सञ्चालक गोपालप्रसाद दाहालले ५० हजार १ सय रुपैयाँ, बकैया-३ का दावा घिसिङ र लक्ष्मी घिसिङको जोडीले ५६ हजार ५ रुपैयाँ, राधिकादेवी लामिछानेले ६१ हजार रुपैयाँ, बकैया-४ का शिशिर दाहाल र अम्बिका दाहालको जोडीले ६१ हजार १ सय ३५ रुपैयाँ, विद्यालय व्यवस्थापन समिति सदस्य भगवती घिमिरेले ६२ हजार १ सय ३५ रुपैयाँ र बकैया गाउँपालिकाका कर्मचारी परिवारले ५६ हजार रुपैयाँ सहयोग प्रदान गरेको छ ।

महायज्ञमा पहिलो दिन बुधबार ३६ हजार २ सय ४५ रुपैयाँ, बिहीबार १ लाख ४१ हजार रुपैयाँ, शुक्रबार ४ लाख ४१ हजार रुपैयाँ र शनिबार ७ लाख ४६ हजार रुपैयाँ सहयोग प्राप्त भएको छ । सहयोगका लागि क्याम्पसले विभिन्न सरकारी निकाय, संघसंस्था, व्यवसायी र विदेशमा रहेकाहरुसँग आग्रह गरिरहेको प्रधानाध्यापक बोम्जनले बताउनुभयो ।

# महिला सशक्तिकरणसम्बन्धी गोष्ठी

समाज संवाददाता

हेटौंडाः लायन्स क्लब अफ इन्टरनेशनल जिल्ला परिषद् ३ सय २५ एसको आयोजनामा हेटौंडामा महिलाहरुका लागि सशक्तिकरण गोष्ठी भएको छ । शनिबार परिषद्का चिफ एडभाइजर अंकिता सुमार्गीको सभाध्यक्षता तथा जिल्ला गभर्नर पीएमजेएफ देवकी नन्दन अग्रवालको प्रमुख आतिथ्यमा गोष्ठी भएको हो ।

परिषद्मा मकवानपुर, काठमाडौं, बारा र पर्सा जिल्ला पर्दछ । कार्यक्रममा महिलाहरुलाई व्यवसाय र उद्यमशीलतामा कसरी जोड्न सकिन्छ भन्नेबारे प्रशिक्षण दिइएको वर्ष २०२३-२४ का एरिया चिफ जेपी यादवले जानकारी दिनुभयो । तालिममा सहभागीहरुलाई प्रशिक्षक सरला कार्की र शोभा जोशीले प्रशिक्षण दिनुभयो ।

लायन्स क्लबले अहिले समाज सेवाका काम गर्दै आएको यादवले बताउनुभयो । विशेषगरी क्लबले शिक्षा, स्वास्थ्य र प्राकृतिक विपद्को समयमा सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

# दुर्गममा रक्तदान कार्यक्रम

समाज संवाददाता

हेटौँडाः मकवानपुरको दुर्गम क्षेत्र कैलाश गाउँपालिका-६, गोगनेमा पहिलो पटक रक्तदान कार्यक्रम भएको छ। नेपाल रेडक्रस सोसाइटी गोगने उपशाखाको वार्षिक साधारणसभाको अवसरमा आयोजनामा भएको कार्यक्रममा १५ जनाले रक्तदान गरेका छन् ।

उपशाखाका सभापति बच्चुराम ढुंगानाको अध्यक्षता तथा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाका सभापति लालबहादुर थापाको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्ष रामबहादुर गोङ्बाको पनि आतिथ्य रहेको थियो ।

समृद्धि प्रकाशन प्रा. लि.
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

जनहीतमा जारी सन्देश
घटना दर्ता गरौं'
तपाईको घर वा परिवारमा हुने गरेका जन्म, बिवाह, बसाईसर ाई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।
जुना दाहाल
वडा अध्यक्ष तथा
११ नम्बर वडा कार्यालय परिवार

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भलिबल र कबड्डी सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकामा जारी अन्तर मावि पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा शनिबार भलिबल, कबड्डीलगायतका खेल सम्पन्न भएको छ। शुक्रबारबाट सुरु भएको प्रतियोगिता आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंको सभाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समिम खानको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।


राष्ट्रपति रनिङशिल्ड अन्तर्गत भलिबल प्रतियोगिताको दृश्य ।

प्रतियोगिताअन्तर्गत् पुरुष भलिबलमा हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालय प्रथम भएको छ। प्रतियोगितामा हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालय द्वितीय र हेटौंडा-१९, नेवार पानीस्थित अरनिको माध्यमिक विद्यालय तृतीय भएका छन्। महिला भलिबलतर्फ ज्ञानोदय बोर्डिङ प्रथम, सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय र बंशगोपाल माध्यमिक विद्यालय तृतीय भएका छन् ।

महिलाको कबड्डीतर्फ प्रगति माध्यमिक विद्यालय प्रथम, भृकुटी माध्यमिक विद्यालय द्वितीय र चन्द्रोदय माध्यमिक विद्यालय तृतीय भएका छन्। पुरुषतर्फको कबड्डी प्रतियोगितामा जनप्रिय माध्यमिक विद्यालय प्रथम, प्रगति माध्यमिक विद्यालय द्वितीय र चन्द्रोदय माध्यमिक विद्यालय तृतीय भएका छन् । प्रतियोगिताअन्तर्गत् तेक्वान्दो, उसु र कराँते खेल आज आइतबार हुने प्रधानाध्यापक रामसागर गुरागाईंले बताउनुभएको छ ।

प्रतियोगिता सहभागी भएका प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरुलाई आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको प्रांगणमा शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिने गुरागाईंले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाबाट ५ लाख रुपैयाँ प्राप्त भएको उहाँले बताउनुभयो ।

राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ २०७६ सालबाट पालिकास्तरीय प्रतियोगिताको आयोजना हुँदै आएको छ। पालिकास्तरीय प्रतियोगिताका हरेक खेलमा प्रथम र द्वितीय हुनेलाई जिल्लास्तरीय प्रतियोगिता हुँदै प्रदेशस्तरीय प्रतियोगितामा समावेश गराइनेछ ।

प्रतियोगितामा उपमहानगर पालिकाभित्रका १९ वटा वडाका विद्यालयबाट करिब ६ सय जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । शुक्रबार भएको मार्चपास प्रदर्शनीतर्फ गोरक्षनाथ माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय र वंशगोपाल माध्यमिक विद्यालय तृतीय भएका थिए। प्रदर्शनीतर्फ प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले ५ हजार रुपैयाँ, ३ हजार रुपैयाँ र २ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# प्रधानमन्त्री कपको प्रारम्भिक टोलीमा मकवानपुरका १४ खेलाडी

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका लागि पहिलो चरणमा मकवानपुरका १४ जना खेलाडी छनोट भएका छन् । जिल्ला क्रिकेट संघले एक सूचना प्रकाशन गर्दै मकवानपुरबाट प्रारम्भिक टोलीमा १४ जना छनोट भएको जनाएको छ ।

छनोट हुनेमा मकवानपुर क्रिकेट क्लबका सुमन सुनार, गौरव खड्का, शुभ कंसाकार, तक्षक सिम्खडा, विशाल फुयाल, रिजन ढकाल, असिम श्रेष्ठ, समीर चौलागाईं, पियुस शर्मा, साकार गजुरेल, सक्षम बस्ताकोटी, गोकुल अधिकारी र इरफान अली रहेका छन्। पुस १२ गतेदेखि १७ गतेसम्म भएको छनोट प्रतियोगितामा सहभागी भएका प्रतियोगिहरुको खेल कौशल, प्रदर्शनी र उत्साहका आधारमा छनोट गरिएको हो ।

बागमती प्रदेशको टिममा सहभागी हुनका लागि यही पुस १७ गतेदेखि २३ गतेसम्म चितवनको गौतम बुद्ध रंगशालामा दोस्रो चरणको छनोट प्रतियोगितामा सहभागी हुनुपर्नेछ। दोस्रो चरणमा सहभागी भएका प्रतियोगीहरु प्रदर्शनीका आधारमा छनोट हुनेछन् । गतवर्षको प्रतियोगितामा मकवानपुरबाट ४ जना छनोट भएका थिए । मकवानपुरबाट रामनरेश गिरी, गौरव खड्का, रिजन ढकाल र शुभ कंसाकार छनोट भएका थिए ।

# वाईसीएल हेटौंडाको अध्यक्षमा उप्रेती

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र निकट युवा संगठन वाईसीएल हेटौंडा उपमहानगर समितिको अध्यक्षमा मदन उप्रेती चयन हुनुभएको छ । शनिबार हेटौंडामा सम्पन्न दोस्रो नगर सम्मेलनबाट उप्रेती अध्यक्षमा सर्वसम्मत चयन हनुभएको हो ।

उप्रेतीको अध्यक्षतामा ३९ सदस्यीय नगर समिति चयन भएको छ। समितिको उपाध्यक्षमा निलम्बर सापकोटा र विकास अधिकारी चयन हुनुभएको छ । यस्तै सचिवमा रोयल बानियाँ, सह-सचिवमा विवश लामा, सुमन गौतम र कोषाध्यक्षमा हीरा पुलामी चयन हुनुभएको छ ।

वाईसीएल नगर सचिव सुरज घलानको सभाध्यक्ष तथा कमिटीका केन्द्रीय महासचिव गणेश शाहीको प्रमुख आतिथ्यमा भएको सम्मेलनमा नेकपा माओवादी केन्द्रका प्रदेश उपाध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, पार्टी जिल्ला समन्वय प्रमुख सर्केश घलान र वाईसीएल मकवानपुर संयोजक लभराज ठकुरीलगायतको आतिथ्य रहेको थियो ।

# नियमित सन्ध्या तथा सम्मान कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरको ३ सय ३८ औं नियमित साहित्य सन्ध्या तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ। शनिबार साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा नियमित सन्ध्या कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रलाई सम्बोधन गर्नुहुँदै वडा अध्यक्ष सिग्देलले अरु क्षेत्रमा जस्तै साहित्यक क्षेत्रमा पनि लगानी हुनुपर्ने बताउनुभयो । संगमका अध्यक्ष बर्तौलाले अक्षय कोष निर्माणमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभयो ।

बालजागृति बोर्डिङका प्रिन्सिपल बिनोद सुवेदीले जिल्लामा सहित्यतर्फ धेरै आकर्षण बढ्दै गएको बाताउनुभएको छ। उहाँले साहित्य संगमले साहित्य क्षेत्रको विकासका लागि धेरै काम गर्दै आइरहेको बताउनुभयो। नयाँ पुस्तालाई पनि साहित्यक क्षेत्रमा सहभागी गराउनुपर्ने उहाँको भनाइ छ । नियमित सन्ध्या कार्यक्रममा सुवास सजल, इभानी रानाभाट, रचना भण्डारी, स्वस्तिका बानियाँ, कृतिका लौडारी, शोभा थापा, मिथिला अधिकारी, रजनी पौड्याल, ठाकुराम भण्डारी, विष्णुप्रसाद गौतम, छवि अनित्य, देवराज तिवारी, किसन पौड्याल, शिवहरि प्याकुरेल र सुदर्शन अधिकारीले रचना वाचन गर्नुभएको छ ।

यस्तै, साहित्य संगम मकवानपुरको नियमित गतिविधि सञ्चालन, दिगो अक्षयकोष निर्माण अभियानमा ५ हजार रुपैयाँभन्दा बढी सहयोग प्रदान गरी साहित्यिक उन्नतिमा सहयोग पुऱ्याउने ६४ जना व्यक्तिहरुलाई कदरपत्रसहित सम्मान गरिएको छ । कार्यक्रममा सल्लाहकार तुल्सी घिमिरे, मुक्ति गोविन्द वैद्य, राजकुमार लामिछाने, सुदर्शनप्रसाद अधिकारी, मिथिला अधिकारी र आँचल साहित्य कला पुञ्ज अध्यक्ष भावना सापकोटाको उपस्थिति रहेको थियो।

# जेसीआई हेटौंडाको अध्यक्षमा विकेशलाल निर्वाचित



समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडा वर्ष २०२४ को अध्यक्षमा विकेशलाल श्रेष्ठ निर्वाचित हुनुभएको छ। शनिबार भएको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी अमृत बर्तौलालाई पाँच मतले पराजित गर्दै श्रेष्ठ अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

विजयी श्रेष्ठले ८६ प्राप्त गर्नुभयो भने पराजित बर्तौलाले ८१ मत प्राप्त गर्नुभयो। विजयी श्रेष्ठ र पराजित बर्तौला दुवैजना वर्ष २०२३ को कार्यकारिणी उपाध्याक्ष हुनुहुन्थ्यो। निर्वाचनमा बर्तौलाको प्यानलबाट उम्मेद्वारी दिएका दुई जना कार्यकारिणी उपाध्यक्ष र चार जना उपाध्यक्ष चयन भएका छन् । कार्यकारिणी उपाध्यक्षमा विवेकानन्द न्यौपाने १ सय ३ मत र जीवन ढकालले ८६ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ। श्रेष्ठ प्यानलबाट कार्यकारिणी उपाध्यक्षमा उम्मेद्वारी दिएका विश्वप्रसाद गौतम ७२ मत र विपिन ताम्राकार ६५ मतसहित पराजित हुनुभएको छ ।

यस्तै उपाध्यक्षमा आशिष दाहाल १ सय ५३ मत, रमेश काफ्ले १ सय १८ मत, रमेश पराजुली १ सय २ मत र विश्वास पराजुली ८८ मतसहित विजयी हुनुभएको छ भने श्रेष्ठ प्यानलका विवेक फुयाल ८५ मत र किरण आले मगर ७४ मत प्राप्त गरी पराजित भएका छन् । उपाध्यक्षमा श्रेष्ठ प्यानलबाट दुई जनाले उम्मेदवारी दिएका थिए । नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा १ सय ७६ सदस्यमध्ये १ सय ६७ जनाले मतदान गरेका थिए। निर्वाचित अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्षहरुको पदस्थापनको अवसरमा अध्यक्षले जेसीजको महासचिव, कोषाध्यक्ष, कानुनी सल्लाहकार सहित विभिन्न पदमा सदस्यहरुलाई मनोनित गर्ने व्यवस्था छ । जेसीजको कार्यकाल एक वर्षको हुनेछ ।

हार्दिक बधाई



जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित प्रिय दाइ विकेशलाल श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

निर्मल गोले (च्याङ्बा), प्रोप्राइटर
एवम् टोनर हाउस परिवार
हेटौंडा-४, स्कूलरोड

हार्दिक बधाई



जेसीआई हेटौंडा वर्ष २०२४ का लागि अध्यक्ष पदमा निर्वाचित प्रिय भाइ विकेशलाल श्रेष्ठलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नेत्रप्रसाद खतिवडा/लक्ष्मण खतिवडा
हेटौंडा-२, बुद्धचोक

जनहीतमा जारी सन्देश
घटना दर्ता गरौ'

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, बिवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

जुना दाहाल
वडा अध्यक्ष तथा
११ नम्बर वडा कार्यालय परिवार

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नवीन सिग्देल
वडा अध्यक्ष तथा
४ नम्बर वडा कार्यालय परिवार